# राइनास नगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को प्रगति प्रतिवेदन

संवैधानिक व्यवस्था अनुसार स्थानीय आवश्यकता र प्राथमिकताको आधारमा विकास निर्माण, सेवा प्रवाह तथा नगरसभा मार्फत बनेका स्थानीय कानून, नीति तथा कार्यक्रम र बजेट तर्जुमा लतायत संघ र प्रदेश सरकारबाट प्राप्त अख्तियारी अनुरुप विकास निर्माणका कार्यहरु कार्यान्वयन गर्दाको चालु आर्थिक वर्ष २०८१/८२ को हालसम्म भएको प्रगतिको वारेमा जानकारी गराइ समीक्षा र सुझावको आधारमा प्रभावकारिता वृद्धि गर्ने उद्देश्यले कार्य प्रगति प्रतिवेदन प्रस्तुत गरिएकोछ ।यस पालिकाको लक्ष्य तथा उद्देश्य अनुसार सम्पादन गरिएका मुख्य मुख्य कार्यहरु विषय क्षेत्रअनुसार निम्नानुसार रहेको छ ।

**सुशासन तथा संस्थागत विकासतर्फ :**

**प्रशासन लेखा योजना तथा पूर्वाधार शाखा :**

- चालु आर्थिक वर्ष ०८१।८२ को कुल बजेट रु. ५९ करोड ९१ लाख १६ हजार ६ सय ४१ मध्ये आ.व. को अन्त सम्ममा ४८ करोड १६ लाख २१ हजार १ सय ४८ रुपैया ९५ पैसा खर्च भएको छ जुन कुल बजेटको ८३.२१ प्रतिशत हो ।
- चालु आ व ०८१/८२ को चालु तर्फ ४१ करोड ७३ लाख ६९ हजार पाँच सय अठसट्ठी बजेट बिनियोजन भएकोमा ३५ करोड ४५ लाख २५ हजार मात्र खर्च भएको छ जुन चालु बजेटको ८४.९४ प्रतिशत हो ।
- चालु आ व ०८१/८२ को असार मसान्त सम्म पुंजीगत तर्फ १८ करोड १७ लाख ४७ हजार त्रिहत्तर बबिनियोजन भएकोमा १२ करोड ७० लाख ९५ हजार मात्र खर्च भएको छ जुन पुँजीगत बजेटको ६९.९३ प्रतिशत हो ।
- आयतर्फ चालु आर्थिक वर्षमा रु. ५९ करोड ९१ लाख १६ हजार ६ सय ४१ (अल्या समेत) को लक्ष्य राखिएकोमा २०८२ असार मसान्तसम्ममा ५४ करोड ७३ लाख ९७ हजार ७ सय १३ रुपैया ९१ आम्दानी भएको छ जुन अनुमानित वा प्रस्तावित आयको ९१.३६ प्रतिशत हो ।
- चालु वर्षदेखि प्राकृतिक स्रोत ढुंगा गिटी बालुवा विक्री गर्ने कार्य आरम्भ गरिएको छ ।
- नगरपालिकाको आन्तरिक आय तर्फ यस आ.ब.को लागि १ करोड ७२ लाख अनुमान गरिएकोमा १ करोड ३१ लाख ३८ हजार ४ सय यथार्थ आय भएको छ । जुन अनुमानित आयको ७६.३८ प्रतिशत हो ।गत आ.ब.को भन्दा २६.०५ प्रतिशत बढी प्रगति भएको छ । (रकमा २७०९७६३.५२)
- आर्थिक वर्ष ०८१/८२ को साउन देखि हालसम्म २२ वटा नगरकार्यपालिकाको बैठक तथा **नगरसभा बैठक संख्या ३ वटा सम्पन्न भएको छ ।** बैठकबाट नगरपालिकाको लागि आवश्यक कानून कार्यविधि र निर्देशिकाहरु तर्जुमा र परिमार्जन गरी व्यवस्थित गरिएको छ ।
- आर्थिक प्रशासन शाखाबाट EFT मार्फत भुक्तानी सुरुवात गरिएको छ ।
- यस पालिकाको आवश्यकता र सेवालाई थप प्रभावकारी बनाउन संगठन तथा व्यवस्थापन सर्भेक्षण (O&M) तयार गरी स्वीकृत गरिएको छ । हाल पालिकामा ८२ जना स्थायी र ६८ जाना अस्थायी करार र ज्यालादारी कर्मचारीहरु गरी जम्मा १५० जना कर्मचारीहरु कार्यरत छन् ।

- कर्मचारीहरुको नियमित कार्यसम्पादन, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत बीच तथा प्रमुख प्रशासकीय अधिकृत र शाखा प्रमुखहरु बीच कार्य सम्पादन सम्झौता गरी कार्यलाई अगाडि बढाउने कार्य आरम्भ गरिएको छ ।
- स्थानिय अनुकुलन कार्य योजना तयार भएको छ ।
- उज्यालो नगरपालिका कार्यक्रम अन्तरगत वडा नं.१ देखि ८ नं.वडाको मुख्य सडकहरुमा ५६० वडा वल्व र ३२ कि.मि तार सहित सडक बत्ती जडान कार्य सम्पन्न भएको छ यसलाई दिगोपनाको लागि टोल विकास संस्थालाई जिम्मेवार बनाउन प्रयास भएको छ । यसबाट सार्वजनिक सुरक्षा तथा कार्यसमय वृद्धि भई समग्र उत्पादकत्व बढ्ने आशा गर्न सकिन्छ ।
- राइनास सिंचाइ योजनाको व्यवस्थापनको लागि सफ्टवेयर निर्माण सम्पन्न गरी सम्बन्धित उपभोक्तालाई हस्तान्तरण गर्ने चरणमा रहेकोछ ।
- नगरपालिकाको वेवसाइट नियमित अद्यावधिक सूचना प्रकाशत तथा इमेल अद्यावधिक गर्ने कार्य भैरहेको छ।
- नगरपालिकाको आवश्यकता र औचित्यको आधारमा संगठन तथा व्यवस्थापन सर्भेक्षण तयार गरी कार्यमा प्रभावकारिता वृद्धि गर्न तथा आधारभुत अस्पतालमा जनशक्तिको व्यवस्थापन गरी अस्पताल संचालन गर्नको लागि नगरपालिकाको संगठन तथा व्यवस्थापनको कार्य सम्पन्न गरिएको छ ।
- नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा १५९ योजना मध्ये ५ वटा योजना कार्यान्वयन हुन नसकेको कारण भुक्तानी नभएको अवस्था छ । सो देखि बाहेक बाँकी १५४ वटा योजनाको कार्य सम्पन्न भई योजनाको रकम भुक्तानी समेत भैसकेको छ। नेपाल जलवायु नमुना कार्यक्रम तर्फ १४ वटा योजना तथा कार्यक्रम मध्ये सवै सम्पन्न भएकोछ । त्यस्तै गरी मर्स्याङ्दी कोरिडोर २२० के.भी. प्रसारण लाईन मार्फत प्राप्त ६ वटा योजनाहरुमध्ये ३ वटा सम्पन्न भई भुक्तानीको चरणमा रहेको र बाँकी कार्यान्वयनमा रहेको छ ।
- स्वीकृत कार्यक्रममध्ये ठूला ८ वटा योजना ठेक्का माध्यमबाट गरिएकोमा कार्यसम्पन्न ४ वटा, म्याद थप गरिएको ३ वटा र कार्यान्वयन हुन नसकेको १ वटा रहेको छ ।
- समग्रमा नगरपालिकाको यस आ.व.मा जम्मा भौतिक प्रगति ८१.९२ प्रतिशत रहेकोछ ।
- क्रमागत रुपमा रहेका ६ वटा योजना मध्ये ५ वटा सम्पन्न भएको छ । जसमा चक्रतिर्थ नगर अस्पताल, वडा १ र ६ को वडा कार्यालय भवन, सौभाग्यदय छात्रबासको तल्लो तला, सडकबोर्डको साझेदारीमा सडक स्तरोन्नति कार्य सम्पन्न भएको र धमिलिकुवा १५ शैया अस्पताल कार्यान्वयनको चरणमा रहेकोछ ।
- राईनास नगरपालिका न्यायिक समिति कार्यविधि २०७५ मा व्यवस्था भए अनुसार विवादका पक्षहरुको साझा हित र चाहना अनुसार न्याय सम्पादन गरिरहेएको छ ।
- न्यायिक समितमा यस आ.व.मा दर्ता भएको विवाद सङख्या ८ वटा मध्ये मिलापत्र तथा सहमति भएको विवाद सङख्या ७वटा र फस्यौट हुन बाँकि विवाद संङख्या १ वटा रहेको छ । विवाद समाधान तथा छलफल प्रयोजनार्थ बसेको बैठक संख्या १० रहेको ।

**सामाजिक विकास तर्फ**

**शिक्षा युवा तथा खेलकूद बिकास शाखा :**

- ✓ नगरपालिका भित्र रहेका ३६ वटा सामुदायिक विद्यालयहरुमा ३३०८ विद्यार्थीहरुलाई शिक्षण सिकाई मार्फत जीवनउपयोगी र सिपमुलक शिक्षा प्रदान गर्न ३५१ जना शिक्षक तथा कर्मचारीहरु कार्यरत छन्। त्यस्तै संस्थागत ४ वटा विद्यालयले ६८१ जना विद्यार्थीहरुलाई जीबनउपयोगी शिक्षा दिदै आईरहेको छ।
- ✓ नियमित मासिक प्र.अ. बैठक ९ वटा बसेको छ उक्त बैठकमा बिद्यालयका समस्या तथा कार्यक्रम एवं शैक्षिक सुधारका विविध पक्षमा छलफल गरी योजनाहरु कार्यन्वयन गर्ने गरिएको छ।
- ✓ राष्ट्रिय बाल दिवसमा नगरस्तरीय आधारभूत तह कक्षा (१-५) का विद्यार्थीहरुको सहभागितामा गाउँखाने कथा प्रतियोगिता संचालन गरि मनाइएको छ। साथै माध्यमिक तह कक्षा (९-१२) स्तरीय हाजिरीजवाफ प्रतियोगिता र आधारभूत तह कक्षा (१-८) स्तरीय निवन्ध लेखन प्रतियोगिता कार्यक्रम संचालन गरिएको।
- ✓ नगरसभाबाट स्वीकृत वार्षिक बजेटबाट यस पालिकाभित्रका सामुदायिक माध्यमिक विद्यालयहरुमा ९ वटा माध्यमिक तह तृतीय श्रेणी सरहको तलव खाने गरी दरबन्दी सृजना गरी शिक्षण कार्यलाई स्तरोन्नती गर्ने प्रयास गरिएको छ।
- ✓ विद्यालयमा शैक्षिक तथा भौतिक अवलोकन, निरीक्षण र अनुगमन कार्य लाई समुहमा गई भौतिक, शैक्षिक र व्यवस्थापकीय सुधारका पक्षमा पृष्ठपोषण दिने कार्य भएको छ। जस अन्तर्गत ३५ बिद्यालयको सघन अनुगमन गरिसकेको छ।
- ✓ राइनास शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यक्रम श्री सौभाग्योदय नमूना माध्यमिक बिद्यालयमा सबै बिद्यालयको सहभागितामा भब्य रुपमा सम्पन्न गरिएको छ। जसमा १५ बिधामा कार्यक्रम संचालन गरी बिद्यार्थीहरु र शिक्षकहरु पुरस्कृत र सम्मानित भएका छन्। जसमा माध्यमिक तह स्तरमा श्री सौभाग्योदय नमुना माध्यमिक बिद्यालय रा.न.पा.-४ ले उत्कृष्ट नतिजा हाँसिल गर्न सफल भएको थियो। साथै आधारभूत तह स्तरमा श्री बिरेन्द्र दीप आधारभूत विद्यालयले उत्कृष्ट नतिजा हाँसिल गरेको थियो।
- ✓ बिद्यालयको लेखा पद्धतिलाई व्यवस्थित गरी बिद्यालयको आर्थिक कारोबार सहज बनाउनको लागि लेखा परीक्षक नियुक्ती गरी लेखा पद्धतिलाई व्यवस्थित गर्ने गरिएको छ। जसमा हालसम्म यस आ.ब.को सम्पूर्ण बिद्यालयहरुको लेखा परीक्षण प्रतिबेदन प्राप्त भएको छ।
- ✓ बिद्यालयमा अतिरिक्त क्रियाकलाप मार्फत बिद्यार्थीहरुको शारिरीक तथा मानसिक बिकासका लागि खेलकुद अपरिहार्य रहेकाले खेलकुदलाई व्यवस्थित बनाउनका लागि हाललाई ३ जना कराते प्रशिक्षक ३ महिनाको लागि करारमा नियुक्ति गरि मा.बि. तहका १२ वटा बिद्यालयमा कम्तिमा हप्तामा २ दिन प्रशिक्षण गराउने व्यबस्था गरिएको छ।
- ✓ बालबिकास देखि कक्षा ३ सम्म अध्ययनरत बालबालिकाहरुको अपाङ्गताको प्रारम्भिक पहिचान (Disability screening) गर्ने सम्बन्धी EMIS मा काम गर्ने शिक्षकहरुलाई २ दिने क्षमता

बिकास तालिम गरी शिक्षकहरुलाई सम्पूर्ण सामुदायिक विद्यालयहरुमा पठाई तथ्याङ्क संकलन गरी सकिएको।

- ✓ सम्पूर्ण विद्यालयहरुको पठनपाठनलाई चुस्त, दुरुस्त, पारदर्शी र उदेश्यमुलक बनाउनको लागि शैक्षिक डायरी निर्माण गरी विद्यालयमा अध्ययापनरत शिक्षकहरुलाई वितरण गरी सकिएको।
- ✓ आ.ब. २०८०/८१ मा शिक्षा, युवा तथा खेलकुद शाखाबाट सम्पादित भएका कार्यहरु, विद्यालयमा भए गरेका असल अभ्यासहरुलाई समेटी वार्षिक शैक्षिक स्थिति प्रतिवदेन २०८०/८१ तयार गरी सम्पूर्ण सरोकारवालाहरुलाई वितरण गरिएको ।
- ✓ नगरपालिकास्तरीय सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता रा.न.पा-६, धमिलीकुवा अवस्थित गौलीटार क्षेत्रीय खेलकुद मैदानमा मंसिर २५ गतेदेखि २७ गतेसम्म व्यवस्थित रुपमा संचालन गरिएको। जस्मा १४ स्वर्ण ५ रजत ६ कास्य सहित प्रथम स्थान श्री शिशु विद्याश्रम माध्यमिक विद्यालयले हाँसिल गरेको थियो, त्यसै गरी ८ स्वर्ण ८ रजत ७ कास्य सहित द्धितीय स्थान श्री सौभाग्योदय नमूना माध्यमिक विद्यालयले हाँसिल गरेको थियो भने ५ स्वर्ण ७ रजत २ कास्य सहित श्री वीर भक्ती माध्यमिक विद्यालयले तृतीय स्थान हाँसिल गर्न सफल भएको थियो।
- ✓ आधारभूत तह कक्षा (१-३) का विद्यार्थीहरुको सिकाइस्तर मापन गर्नको लागि विद्यार्थी मुल्याङ्कन अभिलेखिकरण पुस्तिका निर्माण गरी छपाई समेत गरि सकिएको ।
- ✓ नगरपालिका भित्रका सम्पूर्ण विद्यालयहरुको विद्यार्थी विवरण विद्यालयद्धारा EMIS मा भरिएको/अद्यावधिक गरिएको विवरणहरुको विद्यालयहरुमा गई सोको सत्यापन/प्रमाणिकरण गर्ने कार्य भएको ।
- ✓ नगर शिक्षा योजना निर्माण गर्नको लागि लेखन समिति निर्माण गरी सो समितिबाट राइनास नगर शिक्षा योजनाको मस्यौदा निर्माण गरिएको।
- ✓ सामाजिक विकास कार्यालय बेशीसहरले आयोजना गरेको **शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रममा** सहभागी भई श्री शैलपुत्री नमुना मा.बिको छात्रा सौरभी भुजेलले प्रथम स्थान हाँसिल गर्न सफल भएकि थिइन भने सामाजिक बिकास, युवा तथा खेलुकद मन्त्रालय गण्डकी प्रदेश पोखराले आयोजना गरेको निबन्ध लेखन प्रतियोगितामा श्री सौभाग्योदय नमुना माध्यमिक विद्यालयका छात्र सुनिल श्रेष्ठले द्धितीय स्थान हाँसिल गर्न सफल भएको थिए।
- ✓ आधारभूत कक्षा (५ र ८) को नगरपालिकास्तरीय परीक्षा मर्यादित रुपमा सञ्चालन गर्न पालिकास्तरबाट नै विज्ञहरु छनौट गरी प्रश्न पत्र निर्माण गरिएको साथै सम्बन्धित विद्यालयहरुलाई परीक्षा केन्द्र तोकि परीक्षा सञ्चालन भएको र उत्तरपुस्तिकाहरु परीक्षण गरी नतिजा प्रकाशन गर्ने कार्य समेत सम्पन्न भई सकेको।
- ✓ सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुले गर्ने साप्ताहिक/मासिक तथा बार्षिक कार्यहरुको योजना निर्माण गर्न, विद्यालयहरुको परीक्षा तालिका र परीक्षाफल प्रकाशन गर्ने समयलाई एकरुपता ल्याउन, नगरपालिकाबाट संचालन गरिने विभिन्न कार्यक्रमहरुको समय तालिका निर्धारण गर्नको लागि शैक्षिक क्यालेन्डर २०८२ निर्माण गरी छपाई समेत गरि सकिएको।

- ✓ सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (Real Plan) कार्यक्रम सम्पूर्ण सामुदायिक विद्यालयका प्र.अ.हरु र IEMIS सम्बन्धी काम गर्ने शिक्षकहरुको लागि अभिमुखिकरण गरी उक्त कार्यक्रम सघन रुपमा संचालन गरिएको। जसमा कक्षा ३ देखि ५ गणित र नेपाली विषयको र कक्षा ६ देखि ८ सम्म गणित, नेपाली, अङग्रेजी र विज्ञान विषयको Baseline र Endline परीक्षण गरी जम्मा १४३६ जना विद्यार्थीहरु लावाम्भित भएका छन् ।
- ✓ बालबिकास सहजकर्ताहरुको लागि ३ दिने क्षमता बिकास तालिम संचालन गरिएको र जसमा ४० जना बालबिकास सहजकर्ताहरु लाभाम्वित भएका छन्। त्यसै गरी आधारभूत तह कक्षा १-३ मा अध्यायपन गर्ने सम्पूर्ण सामुदायिक विद्यालयका १/१ जनाका दरले ४० जना शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्बन्धी कस्टमाइज्ड तालिम संचालन गरियो।
- ✓ नेपाल सरकार संघीय सर्सत अनुदान अन्तर्गत श्री बुद्धमिलन मा.बि, श्री भैरब मा.बि र श्री जनता मा.बिलाई ICT ल्याब ब्यवस्थापन कार्यक्रम वितरण गरिएको। साथै उत्कृष्ट सिकाइ उपलब्धी हाँसिल गर्ने प्रथम र द्धितीय हुने विद्यालयहरु क्रमश श्री बीरभक्ती मा.बि र श्री शिशु विद्याश्रम मा.बिलाई प्रोत्साहन अनुदान रकम रु. ३ लाख र रु २ लाखका दरले वितरण गरिएको।
- ✓ आधारभूत विद्यालयका १८ जना शिक्षकहरुलाई ५ दिने सुचना प्रविधि (ICT) सम्बन्धी तालिम र सम्पूर्ण सामुदायिक विद्यालयका IEMIS काम गर्ने ४० जना शिक्षकहरुलाई २ दिने एकीकृत शैक्षिक व्यवस्थापन सुचना प्रणली (IEMIS) सम्बन्धी क्षमता बिकास तालिम सम्पन्न गरिएको।
- ✓ राइनास नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरुका कक्षा १-५ मा अध्ययनरत ७६८ जना बालबालिकाहरुको बाल बचत खातामा प्रति विद्यार्थी रु ६०० का दरले जम्मा रकम खातामा जम्मा गरि सकिएको।
- ✓ SEE तयारी कक्षाको लागि ११ वटा माध्यमिक विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा रु ५ लाख ५० हजार विद्यालयलाई अनुदान उपलब्ध गराइएको। त्यसै गरी ११ वटा माध्यमिक विद्यालयहरुमा दिवाखाजाको लागि जनशक्ति व्यवस्थापनमा अनुदान रकम उपलब्ध गराइएको र ११ वटा माध्यमिक विद्यालयहरुलाई खेलकुद प्रोत्साहनको लागि प्रति विद्यालय रु ९ हजारका दरले अनुदान रकम उपलब्ध गराइएको।
- ✓ प्राविधिकधार संचालित विद्यालयहरु र सम्बन्धित सरोकारवालाहरु बिच TEVT कार्यक्रम संचालन गरिएको। त्यसै गरी पालिकाभित्रका सामुदायिक विद्यालयहरुमा अध्ययन गर्ने बावु आमा दुवै नभएका, बावु वा आमा कुनै एक नभएका र एच.आई.भी संक्रमितका बालबालिकाहरुलाई स्टेश्नरी सामाग्री वितरण गरिएको।
- ✓ राइनास नगरपालिकाको शैक्षिक तथ्याङ्क संकलन तथा शैक्षिक प्रोफाइल परिमार्जन गरी प्रकाशन गरिएको।

- ✓ सामुदायिक सिकाइ केन्द्र मार्फत ३ वटा सामुदायिक सिकाइ केन्द्रहरुद्धारा २० जनाका दरले ६० जना माहिलाहरुका लागि बाटेको धुप निर्माण सम्बन्धी ५ दिने क्षमता बिकास तालिम संचालन गर्नुको साथै १ वटा सामुदायिक सिकाइ केन्द्र मार्फत २० जना महिलाहरुको लागि १० दिने मादल बजाउने तालिम कार्यक्रम सम्पन्न गरियो।

- ✓ राइनास नगरपालिकास्तरीय सातौं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा उत्कृष्ट स्थान हाँसिल गरेका विद्यार्थीहरुलाई १६ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि गराइएको जसमा ४ स्वर्ण, ६ रजत र ८ कास्य प्राप्त गर्न सफल भएको।
- ✓ राइनास नगरपालिका अन्तर्गतका आधारभूत तहमा अध्यायपन गर्ने १५ जना नव प्रवेशी शिक्षकहरुलाई ३ जना मेन्टरहरुद्धारा शिक्षक पेशागत सहयोग कार्यक्रम सम्पन्न गरिएको।

**स्वास्थ्य शाखा :**

- ✓ ९८ प्रकारको निशुल्क वितरण गरिने औषधि तथा स्वास्थ्य सामाग्रीहरु वितरण भइ औषधिको स्टक आउट कम गर्ने प्रयास भएको |
- ✓ धमिलिकुवा र तार्कुघाट स्वास्थ्य चौकीमा संचालन भएको ल्याब लाइ थप सुदृढीकरण गर्न आबश्यक ल्याब सामग्री, मेशिनहरु तथा रियाजेन्ट खरिद गरिएको | श्रावण महिनाको १७ – २३ गते सम्म १० वटै वडाका स्वास्थ्य सस्थाहरुमा स्तनपान सप्ताह मनाइयो | उक्त सप्ताहमा २७९ जनाको सहभागिता रहेको थियो |
- ✓ सुत्केरी महिलाहरुलाई स्वास्थ्यकर्मीले घरमै गइ ३ र ७ दिनमा हाल १११ जना लाइ भेट गरि स्वास्थ्य स्वास्थ्य अवस्थ बारे जानकारी लिई स्वास्थ्य जांच गरिएको |
- ✓ डेंगु लगायत किटजन्य रोगहरुको नियन्त्रणका लागि लामखुट्टेको बासस्थान खोजि लार्भा नस्ट गर्ने अभियान तथा सचेतना कार्यक्रम संचालन गरिएको
- ✓ HIV संक्रमित हरुलाई भाइरल लोड परिक्षण तथा पोषण खर्चको लागि रु १०,००० को दरले २६ जना लाइ वितरण गरिएको |
- ✓ ६ वटा स्वास्थ्य चौकीहरु र ३ आधारभूत स्वास्थ्य सेवा केन्द्रमा न्युनतम सेवा मापदण्ड अनुगमन मुल्यांकन ( HPMSS ) कार्यक्रम संचालन गरिएको जस अनुसार धमिलिकुवा, तार्कुघाट, चक्रतीर्थ, तिनपिप्ले स्वास्थ्य सस्था हरियो रंग र प्यार्जुंग, मोहोरियाकोट, गरमबेशी, जेठाक, भलायखर्क निलो रंगको श्रेणीमा परेका |
- ✓ सेवाको पहुँच कम भएका ठाउमा (मोहोरियाकोट, प्यार्जुंग, भंगारी, सात्बिसे, जेठाक ) क्षयरोग सम्बन्धि क्याम्प संचालन भइ जम्मा २८७ जनाले सेवा पाएका |
- ✓ स्वास्थ्य सस्थाहरुको मासिक बैठक, बार्षिक समिक्षा र क्षयरोग को अर्धबार्षिक समिक्षा तथा स्वास्थ्य कर्मीहरुलाई eTB सम्बन्धि अभिमुखीकरण संचालन गरिएको | साथै उत्कृष्ट तिन वटा स्वास्थ्य सस्थाहरुलाई बार्षिक समीक्षाको अबसरमा नगद पुरस्कारको ब्यबस्था गरिएको |

- ✓ स्वस्थ बच्चा प्रतिस्पर्धा गर्ने कार्यक्रम पालिका स्तरमा र वडा स्तरमा संचालन गरि ४७३ जना बाल बालिका तथा सुनौलो १००० दिनका आमाहरु र स्वास्थ्य कर्मीहरुलाई सहभागी गराई कार्यक्रम सम्पन्न भएको ।
- ✓ सुत्केरी महिलाहरुलाई सङ्घीय सरकारले दिने रु. २८०० सहित पालिकाबाट रु १००० को दरले छुट्टै पोषण खर्च  हाल सम्म ४० जनालाई उपलब्ध गराइएको |
- ✓ स्वास्थ्य सस्थाहरुलाई सस्था संचालन खर्च बापत रु ५ लाख उपलब्ध गराइएको |
- ✓ बिपन्न नागरिकको लागि उपचार सहायता सिफारिस गरिएको दिर्घ रोगि संख्या आ.ब. ०७५/७६ मा १४ जना, ०७६/७७ मा १८ जना, ०७७/७८ मा २४ जना, ०७८/७९ मा ४० जना, २०७९/८० मा ३८ जना, २०८०/८१ मा २९ जना र यस आ ब २०८१/८२ मा हालसम्म ३९ जना गरि जम्मा १८८ जना घातक रोग ( क्यान्सर, मुटुरोग, मृगौला रोग, मेरुदण्ड पक्षघात, हेड इन्जुरी आदि ) लागेका बिरामीले ले सेवा पाएका |
- ✓ ५० जना क्यान्सर रोग, मृगौला रोग, मृगौलाको डाइलासिस र मेरुदण्डको पक्षघात भएका रोगि हरुलाई मासिक रु. ५००० |- को दरले उपचार खर्च प्रदान गर्ने काम निरन्तरता भइरहेको |
- ✓ बिध्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमको अभिमुखीकरण १० वटै वडाका मा बि र नि मा बि का बिध्यार्थीहरुको  सहभागितामा सम्पन्न भएको |
- ✓ स्वास्थ्य सस्थाबाट संचालित पोषण कार्यक्रमको समिक्षा तथा योजना तर्जुमा गोष्ठी र पोषण लेखाजोखा कार्यक्रम सम्पन्न भएको | पोषण लेखाजोखा कार्यक्रममा २१२ जना सुनौलो १००० दिनका आमा तथा बाचाहरुको सहभागिता थियो |
- ✓ कोभिड — १९ बिरुद्दको बुस्टर खोप कार्यक्रम यस आ ब मा पनि संचालन गरिएको |
- ✓ ग्रामिण अल्ट्रासाउन्ड मेशिनको प्रयोग गरि धमिलिकुवा स्वास्थ्य चौकी मार्फत घुम्ती सेवा कार्यक्रम राखी १० वटै वडामा रहेका २५ जना गर्भवती महिलाको गर्भ परिक्षण गरिएको |
- ✓ २०८१/०८/२० गते बीसौं महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका दिबस मनाइएको |
- ✓ राष्ट्रिय भिटामिन ए कार्यक्रम कार्तिक महिनामा पहिलो चरणको मा १०१८ जना ६ — ५९ महिनाका बालबालिकालाई भिटामिन ए र ९२५ जना ११ — ५९ महिनाका बालबालिकालाई जुकाको औषधि र दोस्रो चरणमा ८८७ जनालाई भिटामिन ए र ७९३ जनालाई जुकाको औषधि वितरण गरिएको |
- ✓ वडा न ५, ८, ९ र १० मा महिलाहरुको पाठेघर सम्बन्धि सम्बन्धि समस्या पहिचान तथा लामो अवधिको प नि साधन राख्ने कार्यक्रम संचालन भइ सम्पन्न भएको जसमा ३०० जना सेवाग्राही मध्य १९६ जना महिलाको VIA जांच भइ ३ जना सम्भावित पाठेघरको क्यान्सर को थप परिक्षण गर्न रेफर गरिएको, रिंग पेसरी राख्ने ८ जना, २५ जना गर्भवतीको USG गरिएको र १० जनालाइ  प नि साधन इम्प्लान्ट / IUCD राखिएको | वडा न. २, ३ र ९ मा पुन ग्रामिण अल्ट्रा साउण्ड कार्यक्रम अन्तर्गत २३ जना गर्भवती महिलाको USG गरिएको | त्यस्तै स्वदेशी नेपाल को सहकार्यमा महिलाहरुको पाठेघर सम्बन्धि समस्या पहिचाहन शिबिर संचालन गरि ४३५ जनाले सेवा लिएका जस मध्य ८ जनाको अप्रेसनको लागि अस्पताल पठाइएको |

- ✓ मिति २०८१/०१/२४ गते नगरपालिकालाई पूर्ण खोप सुनिश्चितता दिगोपना घोषणा कार्यक्रम अन्तर्गत १६ — २३ महिनाका १८६ जना बालबालिकाले १५ महिना भित्र सबै खोप पुरा गरेको तथ्यांक सहित पूर्ण खोप पालिका घोषणा गरिएको |
- ✓ एच पी भी खोप अभियान कार्यक्रम संचालन गरि ८०९ जना ६ - १० कक्षाका र १० — १४ बर्षका किशोरीहरुलाई HPV खोप प्रदान गरिएको|
- ✓ पालिका भित्रका ८० जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिक, आमा समुह, क्लब प्रतिनिधि आदिलाई लाई वडा न ९ को कुवापानी, वडा न ६ को धमिलिकुवामा, वडा न ४ को चक्रतिर्थमा र वडा न १ को बोराङखोलामा आत्महत्या न्यूनीकरणका लागि जीबन संरक्षक तालिम संचालन गरिएको|
- ✓ चक्रतीर्थ स्वास्थ्य चौकी र धमिलिकुवा स्वास्थ्य चौकी लाइ किशोर कोशोरी मैत्री स्वास्थ्यको रुपमा प्रमाणीकरण गर्न स्व मुल्यांकन भइ समितिबाट अनुगमन हुन बाँकी रहेको तथा तार्कुघाट र मोहोरियाकोट स्वास्थ्य चौकी लाइ अघिल्लो आ ब मा अभिमुखीकरण गरि पनि शुरुआत गर्न सरोकारवालालाइ अभिमुखीकरण गरिएको र प्यार्जुंग स्वास्थ्य चौकीलाई यस आ ब मा अभिमुखीकरण गरि पनि शुरुआत गर्न सरोकारवालालाइ अभिमुखीकरण गरिएको|
- ✓ फाल्गुन महिना भर नसर्ने रोग सम्बन्धि एक महिने सचेतना अभियान पालिका अन्तर्गत का दुई प्रयोगशाला साथै सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निशुल्क रुपमा रक्तचाप, रगत मा चिनीको मात्रा , तौल, मोटोपनाको अबस्था (BMI) जस्ता जाचहरुको ब्यबस्था गरिएको
- ✓ नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य सस्थाहरुमा पोषण कर्नर र स्तनपान कक्ष को सबलीकरण गर्न आबश्यक सामाग्रीहरु उपलब्ध गराइएको |
- ✓ बिरामीहरुलाई स्वास्थ्य सस्था सम्म ल्याउन सबै वडाहरुमा आबश्यकता अनुसार स्ट्रेचर वितरण गरिएको|
- ✓ स्वास्थ्य सस्थाहरुमा eHMIS प्रणाली शुरुआत गर्न स्वास्थ्यकर्मीहरुलाई अभिमुखीकरण शुरुआत गरिनुका साथै ल्यापटप खरिद कार्य गरिएको |
- ✓ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन शुरुआतको रुपमा ४ वटा स्वास्थ्य सस्थाहरुमा सामाजिक परिक्षण गर्ने कार्य सम्पन्न गरिएको |
- ✓ जेष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गत २५ वटा सेवा केन्द्र हरुबाट र हाल सम्म २७६० जना जेष्ठ नागरिकले सेवा लिनुभएको |
- ✓ नेपाल रेडक्रस सोसाइटी धमिलिकुवा उपशाखाको समन्वयमा प्रतेक महिनाको पहिलो मंगलबार एक दिन धमिलिकुवा स्वास्थ्य चौकी बाट निशुल्क बिशेषज्ञ स्वास्थ्य सेवा संचालनको लागि न.पा बाट स्वीकृति प्रदान गरि सेवा सुचारु गरिएको |
- ✓ वडामा रही स्वयं सेवकको रुपमा काम गर्दै आउनुभएका ६६ जना महिला सामुदायिक स्वास्थ्य स्वयं सेबिका हरुलाई प्रोत्साहन स्वरूप प्रति म स्वा से मासिक २००० को दरले प्रोत्साहन रकम प्रदान गरिएको छ ।

**महिला वालवालिका तथा ज्येष्ठ नागरीक शाखा :**

- जेष्ठ नागरिक दिवसको अवसरमा जेष्ठ नागरिक दिवा सेवा केन्द्र संचालन गरिएको छ ।

- लैंगिक हिंसाकोष र वालउद्धार कोष स्थापना गरी संचालन गरिएको छ ।
- अन्तराष्ट्रिय महिला दिवस विविध कायक्रम आयोजना गरी सम्पन्न गरिएको छ ।
- महिलाहरुको लागि कानूनी सचेतना तथा महिला समुह, महिला सहकारी तथा टोल सुधार समिति र एकल महिलाहरुलाई वडास्तरीय अभिमुखीकरण तथा एकल महिला संजाल गठनको कार्य सम्पन्न गरिएको छ ।
- लैंगिक समानता तथा सामाजिक समावेशीकरण बजेट परिक्षण (Gender Audit) सम्पन्न गरिएको छ जसमा नगरपालिकाको समग्र स्थितिमा नीति कानून र योजना तर्फ १२.५, संस्थागत व्यवस्थापन तर्फ ९.५, मानव संसाधन तथा क्षमता विकास तर्फ ११, सेवा प्रवाह तर्फ १४.५ र सुशासन तथा उत्तरदायित्व तर्फ १६ गरी जम्मा १०० पूर्णांकमा ६३.५ अंक प्राप्त गरेको छ ।
- वालमैत्री स्थानीय शासनयुक्त नगरपालिका घोषणाको लागि प्रारम्भिक वालबालिकाहरुको वस्तुगत विवरण स्थिति पत्र निर्माण गरिएकोछ र सोका आधारमा आगामी दिनमा थप कार्यक्रम अगाडि बढाउन सहज हुनेछ ।
- सासु बुहारी अन्तरक्रिया र नमूना सासु बुहारी सम्मान कार्यक्रम सम्पन्न गरिएको छ ।
- यस पालिका भित्रका जनप्रतिनिधि तथा कर्मचारीहरुले पालना गर्नुपर्ने लैंगिक आचारसंहिता निर्माण गरी स्वीकृत गरिएको छ ।

**आर्थिक विकास तर्फ :**

**कृषि :**

- नगर प्रमुख उत्कृष्ट कृषक सम्मान कार्यक्रम अन्तर्गत एक जना सर्वोकृष्ट कृषक र ५ जना उत्कृष्ठ कृषक छनौट गरी सम्मान गरिएको छ ।
- समूह सहकारीलाई कृषिका नयां प्रविधि सम्बन्धी तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।जस अन्तर्गत वडा नं. ९ र १० का मौरी पालक कृषकहरुलाई छुट्टाछुट्टै ३ दिने मौरी पालन तालिम सम्पन्न गरिएको छ ।
- किवी खेती प्रवर्द्धन कार्यक्रम वडा नं. ९ को श्री कुडुले किवी फलफूल तथा अलैंची उत्पादक कृषक समूह मार्फत सम्पन्न गरिएको छ ।
- नयाँ मौरी पकेट कार्यक्रम अन्तर्गत वडा नं.९ र १० मा ५० वटा मौरीका गोला सहितका घार र २८ वटा खाली घार मौरी पालक कृषकहरुलाई वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- तेलहन वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. ३ र ८ का कृषक समुह तथा प्राइवेट फर्मसँग सम्झौता गरी कार्य सम्पन्न गरिएको छ ।
- मसला वाली प्रवर्द्धन कार्यक्रम वडा नं. ५ को प्रगतिशिल दलित कृषक समुह मार्फत सम्पन्न गरिएको छ ।
- कृषि सम्बन्धी तालिम तथा विविध मागमा आधारित कार्यक्रम अन्तरगत ५० प्रतिशत अनुदानमा च्याउ र धानको विउ वितरण गर्ने कार्य सम्पन्न गरिएको छ ।
- कोदो वालीको लागि उत्पादनमा आधारित नगद अनुदान वितरण कार्य सम्पन्न गरिएको छ ।जस अन्तर्गत १२ लाख २४ हजार १ सय ६८ रुपैया वितरण भएको छ ।

- रैथाने वाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत वडा नं. ५ र ७ बाहेकका सबै वडाहरुमा ७००० के. जी. कोदोको मूल विउ निशुल्क वितरण गरिएको छ ।
- किसान सूचीकरण कार्यक्रम अन्तर्गत यस वर्ष २ जना सहजकर्ता मार्फत वडा नं. ९ र १० का ४३३ घरधुरी सर्वेक्षण गरी सूचीकृत गर्ने कार्य सम्पन्न भएको छ ।
- २०८२ को धान दिवश भव्यताका साथ सम्पन्न गरिएको छ ।

**पशुपंक्षी विकास :**

- वर्षे बहुवर्षे डालेघाँस बिउ तथा विरुवा वितरण कार्यक्रम अन्तर्गत २६०० के.जी. जै तथा टियोसेन्टी घाँसको विउ ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्य सम्पन्न भएको छ ।
- पशुपंक्षी उपचार कार्यक्रम अन्तर्गत पशुपन्छीको उपचारका लागि अत्यावश्यक औषधी खरिद गरी प्रत्येक वडामार्फत वितरण गर्ने व्यवस्था मिलाइएको छ ।
- फार्म यान्त्रिकरण तथा व्यवस्थापन कार्यक्रम मार्फत १५० काउम्याट र ५ वटा च्यापकटर खरिद गरी ५० प्रतिशत अनुदानमा पशुपालक कृषकलाई वितरण गरीएको छ ।
- उन्नत गाइभैंसी र माछाभुरा ढुवानी कार्यक्रम अन्तर्गत ५४ कृषकहरुले बाह्य जिल्लाबाट खरिद गरी ल्याइएका १११ वटा गाई ढुवानी गरे बापत प्रति गाई ढुवानी ४०५० का दरले किसानहरुलाई ढुवानी अनुदान वितरण गरिएको छ ।
- पढ्दै कमाउदै कार्यक्रम शौभाग्यदय मा.वि., शैलपुत्री मा.वि.र राइनास बहुप्राविधिक शिक्षालय हर्राबोटमार्फत सम्पन्न गरिएको छ।
- ल्याव व्यवस्थापन तथा उपकरण खरिद कार्यक्रम अन्तर्गत ३ वटा माइक्रोस्कोप, ५ वटा बडिजो (बोकालाई खसी बनाउने साधन) आदि खरिद गरी वडामा खटिने प्राविधिकहरुलाई वितरणा गरिएको छ।
- लोकल कुखुरा संरक्षण, व्यवसायिक कृषकलाई माछा पोखरी निर्माण कार्यक्रम अन्तर्गत व्यवसायिक कृषकहरुलाई खोर निर्माण तथा पोखरी निर्माण/मर्मत अनुदान उपलब्ध गराइएको छ ।
- लम्पी स्कीन राहत ३७ जना कृषकलाई रु.७००० का दरले भुक्तानी गरिएको छ ।
- बाख्रा प्रवर्द्धन कार्यक्रम अन्तर्गत पालिका भरीका ३ वटा प्राइभेट फर्म, १ वटा बाख्रा पालक सहकारी, १ वटा बाख्रा पालक कृषक समुह मार्फत १३ नयाँ खोर निर्माण तथा ७ वटा खोर मर्मत गर्ने कार्य सम्पन्न भएको छ ।
- गाई भैट्टी स्रोत केन्द्र स्थापना कायक्रमका लागि १ वटा प्राइभेट फर्म स्वीकृत भई ७ वटा उन्नत गाई खरिद तथा गोठ निर्माण, घास व्यवस्थापन र पशु औषधी व्यवस्थापन समेत गर्ने कार्य सम्पन्न भएको छ ।
- रेविज रोग नियन्त्रण कार्यक्रम अन्तर्गत सबै वडामा गरी जम्मा ४०० कुकुर विरालोमा रेविज विरुद्धको खोप लगाउने कार्य सम्पन्न गरिएको छ ।
- आकस्मिक रोग नियन्त्रणको लागि पालिकामा रहेका २६ वटा व्यवसायिक कृषि फर्महरुलाई महामारी तथा आकस्मिक रोगहरुबाट बच्न अपनाउनुपर्ने जैविक सुरक्षाका उपायहरु सम्वद्ध औषधी तथा सामाग्री वितरण गरिएको छ।

- पाडा बाच्छी हुर्काउने कार्यक्रम अन्तर्गत कृतिम गर्भाधानबाट जन्मेका १ वर्ष उमेर पुरा भएका ३५ वटा पाडा बाच्छीहरुको प्रोत्साहन रकम सम्बन्धित कृषकलाई उपलब्ध गराउन भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सिफारिस गरिएको छ ।
- नश्ल सुधार कार्यक्रम अन्तर्गत थप १ वटा उन्नत नश्लको बोयर बोका र १ वटा उन्नत नश्लको बङ्गुरको पाठो ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ ।
- मरेका १६ वटा पशुवस्तुको विमा रकम भुक्तानीका लागि सम्बन्धित विमा कम्पनिलाई सिफारिस गरिएको छ ।
- ८२४ गाईभैसीमा कृतिम गर्भाधान गराउने कार्य सम्पन्न गरिएको छ।
- १७ हजार गाईभैसी भेडा बाख्रामा मेडिकल उपचार सेवा सम्पन्न गरिएको ।

**पञ्जीकरण इकाईः**

क. <u>व्यक्तिगत घटना दर्ता पञ्जीकरण तर्फ</u>

- मिति २०८१/०४/०१ देखि २०८२/०३/२६ सम्ममा राइनास नगरपालिका १ नं वडा कार्यालय देखि १० नं. सम्ममा अनलाईन प्रणाली मार्फत (जन्म, मृत्यु, सम्बन्ध विच्छेद, विवाह र बसाईसराई) जस्ता घटना दर्ताहरुको जम्मा संख्या ८७६ रहेको छ।
- अनलाईन प्रणाली मार्फत दर्ता भएका ५ प्रकारका घटना दर्ताहरुको हाल सम्मको जम्मा संख्या ४,४९७ रहेको छ।

ख. <u>सामाजिक सुरक्षा तर्फ</u>

- सामाजिक सुरक्षा तथा संरक्षण कार्यक्रमका लागि आ.व २०८१/०८२ मा यस राइनास नगरपालिका लमजुङमा **विनियोजित रकम रु १२,१०,९७,४०० ( अक्षरुपी बाह्र करोड दश लाख सन्तानब्बे हजार चार सय मात्र।)** रहेको।
- तृतीय त्रैमासिक सम्ममा **जम्मा रकम रु ९,३१,४८,१२१ (अक्षरुपी नौ करोड एकतिस लाख अडचालिस हजार एक सय एक्काइस मात्र) खर्च भएको।**
- चौँथो त्रैमासिकमा **३,१३२** जना सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुलाई वितरण गर्नका लागि आवश्यक **जम्मा रकम रु. ३,०५,६५,७५४ (तिन करोड पाँच लाख पैंसठ्ठी हजार सात सय चउन्न)** लाभग्राहीहरुको खातामा जम्मा गरिएको।
- वडा कार्यालयको सम्पर्कमा नभएका तथा लाभग्राहीहरुको मृत्यु पश्चात संघिय सञ्चित कोषमा जम्मा **रकम रु.१,५७,७६,०७०.०९ (अक्षरुपी रु. एक करोड सन्ताउन्न लाख छयत्तर हजार सत्तरी रुपैयाँ नौ पैसा मात्र)** जम्मा गरिएको छ।
- आ.व २०७९/०८० मा फिर्ता गरिएको जम्मा रकम रु. १,४५,६३,४३६.३९।- (अक्षरुपी एक करोड पैंतालिस लाख त्रिसठ्ठी हजार चार सय छत्तिस रुपैया अठ्ठाइस पैसा मात्र)
- आ.व २०८०/०८१ मा फिर्ता गरिएको जम्मा रकम रु. ८,४२,६४३.२८।-(अक्षरुपी आठ लाख बयालिस हजार छ सय त्रिचालिस रुपैया अठ्ठाइस पैसा मात्र)

❖ आ.व २०८१/०८२ मा फिर्ता गरिएको जम्मा रकम रु. ३,६९,९९०.४२।- (अक्षरुपी तिन लाख उनानसत्तरी नौ सय नब्बे रुपैया बयालिस पैसा मात्र)

❖ आर्थिक वर्ष २०८१/०८२ को प्रथम, द्वितीय तथा तृतीय त्रैमासिक सम्मको सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको मृत्युको दिन पश्चातको जम्मा रकम रु **२,९४,३३०.९५ (अक्षरुपी दुई लाख चौरानब्बे हजार तिन सय तिस रुपैया पन्चानव्वे पैसा) को.ले.नि.का मा** फिर्ता गरिएको।

❖ लाभग्राहीहरुको मृत्युको दिन सम्मको रकम निजको हकवालालाई उपलब्ध गराइ सो दिन पश्चात बाँकी रहेको रकम, श्री हिमालयन बैंक लि. राइनास तथा गौडा शाखा मार्फत हिसाव मिलान गरि **आ.व २०८१/०८२ को (प्रथम, द्वितीय तथा तृतीय त्रैमासिक सम्म) को.ले.नि.का मा फिर्ता गरिएको एकमुष्ठ जम्मा रकम रु. २,९४,३३०.९५।- (अक्षरुपी दुई लाख चौरानब्बे हजार तिन सय तिस रुपैया पन्चानब्बे पैसा मात्र)**

❖ आ.व २०८१/८२ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न नयाँ नाम दर्ता भएका तथा लगतकट्टा गरिएका विवरणहरु निम्नानुसार रहेका छन्।

| **क.सं.** | **नयाँ लाभग्राही संख्या (त्रैमासिक अनुसार)** | | **लगतकट्टा गरिएको लाभग्राही संख्या** |
|---|---|---|---|
| १ | प्रथम त्रैमासिक | ५७ | १२ |
| २ | द्वितीय त्रैमासिक | ४८ | १९ |
| ३ | तृतीय त्रैमासिक | ५१ | २४ |
| ४ | चौंथो त्रैमासिक | ५३ | १२ |
| **जम्मा** | | २०९ | ६७ |

➢ श्री राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरणको निर्देशन अनुसार आ.व २०८१/०८२ को तृतीय त्रैमासिक (२०८१/१०/०१) देखि लागु हुने गरी सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको नयाँ नाम दर्ता तथा नवीकरण अनिवार्य रुपमा बायोमेट्रिक भेरिफिकेसन मार्फत गर्नु पर्ने निर्देशनानुसार विभागले तोके वमोजिमको स्फेसिफिकेसन अनुसार (मन्त्रको MFS500) १२ वटा बायोमेट्रिक डिभाईस खरिद गरिएको छ। उक्त डिभाइस राइनास नगरपालिकाको सम्पुर्ण वडा कार्यालयहरुमा माघ देखि सञ्चालनमा ल्याई सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको नयाँ नाम दर्ता तथा पुराना लाभग्राहीहरुको बायोमेट्रिक भेरिफिकेसन मार्फत विवरण रुजु गर्ने गरीएको छ। लाभग्राहीहरु स्वयम कार्यालयमा उपस्थित भई बायोमेट्रिक रुजु (औंठा छाप) मार्फत सामाजिक सुरक्षा भत्ता विवरण रुजु भएका लाभग्राहीहरुको जम्मा संख्या १,३५१ रहेको छ।

➢ सबै वडाबाट अनलाइन नागरिकता सिफारिस गर्ने कार्य प्रारम्भ गरिएको छ ।

**उद्यमशिलता शाखा :**

- लघु उमीहरुको समुह गठन गरीएको तथा सम्भाव्य लघु उद्यमीका रुपमा सहभागिहरुलाई छनौट पहिचान र छनौट गर्ने कार्य सम्पन्न गरिएको छ ।
- वडा नं.२ मा सावुन वनाउने तालिम अन्तरगत सरफ, हर्पिक, झोलसावुन, फिनेल, कपडा धुने चारपाटे र डल्ले सावुन लगायत सावुन बनाउने ४ दिने तालिम सम्पन्न भएको छ ।

- वडा नं.५ मा माटाको भाँडा वनाउने मेसिन २ वटा वितरण संगै माटाको भाँडा वनाउने ३० कार्यदिनको तालिम सम्पन्न भएको छ ।
- वडा नं. १ र २ मा दुना टपरी बनाउने सीप विकास स्तरोन्नति सम्बन्धी तालिम सम्पन्न गरिएको छ ।

<u>**रोजगार सेवा केन्द्र तर्फ**</u>

- यस आ.ब. मा १४५ जनालाई पूनश्रम स्वकृति गरिएको ।
- रोजगार रणनीति बनाएको ।
- यस आ.ब.मा सूचिकृत भएका ५२० जनालाई आगामि आ.ब.को लागि नयाँ सूचिकृत गरिएको ।
- जीवन उपयोगी सीप, इलेक्ट्रिकल तथा प्लम्बिङ सम्बन्धि ५० दिने तालिमको संचालन गरिएको ।
- "श्रमको सम्मान राष्ट्रको अभियान" कार्यक्रम अन्तर्गत १००० वटा फलफूलको विरुवा वृक्षरोपरण गरिएको ।
- वैदेशिक रोजगारीमा जाने तथा विभिन्न माध्यमवाट ठगिएकाहरु ३५ जनालाई प्रत्यक्ष सहजिकरण गरिएको ।
- राइनासकोट पार्क तथा सिढी निर्माण आयोजनामा लागत साझेदारी गरिएको ।
- वैदेशिक रोजगारिमा गएको परिवारहरुलाई ५ प्रकारको घातक रोग लागेको र परिवार गुमाएका परिवारहरुलाई छात्रबृद्धिका लागि बैदेशिक रोजगार बोर्डमा रकम मागमा सहजिकरण गरिएको ।

**समस्या तथा चुनौतीहरु**

- आधारभूत अस्पताल निर्माण सम्पन्न भएतापनि गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको कार्य शुरुवात गर्न नसकिएको
- मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रम सम्झौता बमोजिको कार्य गर्न नसकिएको ।
- नगरपालिकाको वडा नं.६ मा रहेको शित भण्डार जिल्ला बन कार्यालयले रोक लागएकोले सम्पन्न गर्न नसकिएको ।
- बोलपत्रमार्फत कार्य आरम्भ गरिएको टिमुरे बोराङखोला र सडक वोर्डबाट संचालित सडक समयमै कार्य नहुँदा आगामि आ.ब.को लागि म्याद थप गरिएकोछ ।
- करको दर र दायरा बढाउन नसक्दा लक्ष्य अनुसार राजस्व संकलन नभएको ।

सीमित स्रोत साधन रहेको यस नगरपालिकामा प्रस्तुत कार्यक्रमबाट नागरिकले अपेक्षा गरे जति प्रगति हासिल गर्न त्यति सहज छैन। नगरपालिकाको एक्लो प्रयासले मात्र नभई विभिन्न अप्ठ्यारा परिस्थितिहरुको समाना गर्दै नगरपालिकाको कार्यमा अहोरात्र लागिरहनुहुने राइनास नगरपालिका सम्पुर्ण जनप्रतिनिधि ज्युहरु लगायत कर्मचारी परिवार साथै बजेट तथा कार्यक्रम कार्यान्यिनमा साथ दिनुहुने नगरबासीहरुप्रति आभार प्रकट गर्न चाहन्छु ।सबैको संयुक्त प्रयास, सहकार्य र समन्वय गर्दै प्रभावकारी कार्यान्वयनबाट आगामी दिनहरुमा समेत नगरपालिकाको उद्देश्य पुरा हुने कुरामा म विस्वस्त छु ।

**अन्त्यमा,**

चालु आर्थिक वर्ष ०८१/८२ को अन्तिम अवधिसम्म आफ्ना कार्यहरुलाई थप प्रभावकारी बनाई अगाडि बढाउन तल्लिन सम्पुर्ण नगरसभाका सदस्यज्युहरु, विभिन्न दातृ निकाय, स्थानीय प्रशासन, समाजिक संघ संस्था, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, संचार जगत, बुद्धिजीवी, राष्ट्रसेवक कर्मचारी लगायत सम्पूर्ण नगरबासी दिदीवहिनी र दाजुभाइहरुको साथ र सहयोग आगामि दिनहरुमा पनि रचनात्मक तवरबाट रहनेनैछ भन्ने कुरामा विस्वस्त हुंदै सम्पूर्णमा हार्दिक आभार तथा धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद।**

**धनेश्वर पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**
**राइनास नगरपालिका लमजुङ**